# गौर नगरपालिका
# नगर कार्य पालिकाको कार्यालय

**Office of the Municipal Executive**

**गौर, रौतहट**

**Gaur, Rautahat**

**मधेश प्रदेश, नेपाल**

**Madhesh Province, Nepal**

## ईलेक्ट्रीक ट्राईसाईकल (रिक्सा) खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०६।०७**

प्रस्तुत विषयमा यस नगरपालिका लागि आवश्यक निम्न समाग्री सहितको ईलेक्ट्रीक ट्राईसाइकलहरु (रिक्सा) खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र खरिद गरी तपसिल बमोजिमको सयम भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रितपुर्वक प्राप्त हुन नआएका तथा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन । शिलबन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी दरभाउपत्र नं. खाम बाहिर प्रष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

| विज्ञापन नं. | समाग्रीको नाम | परिमाण | खरिद माध्यम | धरौटी रकम |
|---|---|---|---|---|
| ०२/०७९/०८० | इलेक्ट्रीक रिक्सा बैट्री १८०० | २० थान | शिलबन्दी दर भाउ पत्र | अनुमानित लागतको २.५% |
| | हाइड्रोलिक सिस्टम (डम्पर) | ४ थान | | |
| | ईलेक्ट्रीक ट्राईसाइकल बिग कार्गो कम्पलीट सेटस विथ चार्जर | ४ थान | | |

१. शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७९।०६।२१ गते कार्यालय समय भित्र ।
२. शिलबन्दी दरभाउपत्र दर्ता गर्ने मिति २०७९।०६।२२ गते दिनको १२ बजे भित्र ।
३. शिलबन्दी दरभाउपत्र खोल्ने मिति २०७९।०६।२२ गते अपरान्ह ५ बजे ।
४. शिलबन्दी दरभाउपत्र खरिद तथा दर्ता गर्ने स्थान गौर नगर कार्यपालिकाको कार्यालय, रौतहट ।
५. शिलबन्दी दरभाउपत्र दस्तुर रु १,०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी ।
६. शिलबन्दी दरभाउपत्रको साथ व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी र आ. व. २०७८।०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समावेश गर्नु पर्नेछ ।
७. नगरपालिकाको कुनै पनि प्रकारको बाकी बक्यौता रहको फर्म, कम्पनी तथा सप्लायर्सलाई शिलबन्दी दरभाउपत्र फारम बिक्री गरिने छैन ।
८. शिलबन्दी दरभाउपत्र, दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनीधिको रोहबरमा खोलिनेछ । तर प्रतिनिधी अनुपस्थित भएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
९. धरौटी वापत २.५% ले हुन आउने रकम रु यस कार्यालयको नाममा राष्ट्रिवाणिज्य बैंक शाखा गौरमा रहेको खाता नं. १२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कार्यालयमा नगद जम्मा गर्नु पर्नेछ ।
१०. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहेनछ ।
११. यस सम्बन्धि कारोबार गर्दा लाग्ने सम्पूर्ण करहरु शिलबन्दी दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।
१२. आपुर्ति गरिने सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ । कम गुणस्तरको सामान आपुर्ति गरिएमा सामान जफ्त गरी आवश्यक कानूनी कार्यवाही अवलम्बन गरिनेछ ।
१३. शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा पुनः कार्यालय खुलेको दिन दरभाउ पत्र खरिद गर्न र सोको भोली पल्ट दिउँसो १२:०० बजेसम्म दर्ता गर्न सक्निेछ ।
१४. माथि उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

CamScanner